# स्मोक अलार्महरू

**कानूनी रुपमा, भिक्टोरियामा सबै आवासीय सम्पत्तिका मालिकहरूले उनीहरूको घरको प्रत्येक तल्लामा कम्तीमा एउटा स्मोक अलार्म इन्स्टल गरेको हुनुपर्छ।**

**FRV र CFA ले टेम्पर प्रुफ कक्षमा 10 बर्षे लिथियम ब्याट्रीको साथ स्मोक अलार्म सिफारिश गर्छ ।**

- तपाईंको घरमा सबै स्मोक अलार्महरू एक अर्कासँग जोडिएको हुनुपर्छ ।
- तिनीहरू एकल रुपमा कार्य गर्ने (240V मुख्य पावरसँग नजोडिएको) वा तार-जोडिएको (240V मुख्य पावरमा जोडिएको) हुनसक्छन् ।







## मासिक रुपमा

- जाँच गर्ने बटन थिचेर त्यो एकाईले काम गरिरहेको कुरा निश्चित गर्नुहोस्
- अलार्मले तीन पटकसम्म बीप गर्दासम्म थिचेर राख्नुहोस्

## वार्षिक रुपमा

- स्मोक अलार्मको ढक्कनको वरिपरि धुलो झार्नुहोस् वा बिस्तारै पुछ्नुहोस्
- यदि तपाईंसँग 9 भोल्टको ब्याट्रीले चल्ने स्मोक अलार्म छ भने, वार्षिक रुपमा ब्याट्री फेर्नुहोस्

## प्रत्येक 10 वर्षमा फेर्नुहोस्

- सबै स्मोक अलार्महरू (तार-जोडिएको र एकल रुपमा कार्य गर्ने) लाई फेर्नु पर्छ

FIRE RESCUE VICTORIA

CFA

# मैले मेरो स्मोक अलार्म कहाँ इन्स्टल गर्नुपर्छ ?

- स्मोक अलार्महरू भित्ताबाट कम्तीमा 30 सेमी टाढा छतमा इन्स्टल गर्नुपर्छ ।
- स्मोक अलार्महरू प्रत्येक सुत्ने क्षेत्र र घरको बाँकी भागको बीचमा हुनुपर्छ ।
- अष्ट्रेलियन फायर सर्भिसेसले सबै बैठक कोठा, हलवे र बेडरुम, वा कोही सुतेको कुनै पनि कोठामा धुम्रपान अलार्म स्थापना गर्न सिफारिस गर्दछ।
- स्मोक अलार्महरूले अष्ट्रेलियन स्ट्याण्डर्ड AS3786 पूरा गर्नुपर्ने हुन्छ ।

Certified Product™
Australian Standard

सुत्ने क्षेत्र र घरको बाँकी भागको बीचमा हुनुपर्छ ।

थप सुरक्षा प्रदान गर्नको लागि तपाईंले थप स्थानहरूमा स्मोक अलार्म इन्स्टल गर्न सक्नुहुनेछ




चालु स्मोक अलार्मले मात्र ज्यान जोगाउँछ ।
स्मोक अलार्महरूको बारेमा थप जानकारीको लागि यहाँ स्क्यान गर्नुहोस् ।

**आगोको जोखिमको थप जानकारीको लागि frv.vic.gov.au/cfa.vic.gov.au मा जानुहोस्**